# बाटो नभएको ठाउँमा पुल बनाउनेबिरुद्ध मुद्धा दायर

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन प्रदेश सचिवसहित तीनजनाविरुद्ध मुद्दा दायर गरेको छ । गोरखामा बाटो नभएको ठाउँमा पुल बनाएर स्रोत दुरुपयोग गरेको आरोपमा प्रदेश सचिव ईश्वरचन्द्र मरहट्टासहित तीनका बिरुद्ध बिशेष अदालत काठमाडौंमा आइतबार आरोप पत्र दर्ता गरिएको छ ।

अख्तियारका अनुसार गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात मन्त्रालयका तत्कालीन सचिव मरहट्टा, प्रदेश सडक निर्देशनालयका तत्कालीन निमित्त निर्देशक रामकुमार श्रेष्ठ र पूर्वाधार विकास कार्यालय, गोरखाका सिनियर डिभिजनल इन्जिनियर ओमराज ढुङ्गानाविरुद्ध अख्तियारले बिशेष अदालत आरोपपत्र दायर गरेको हो ।

प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयको बजेटबाट गोरखा नगरपालिका- ३ जरेवरस्थित दरौंदी नदीमाथि बाटो नभएको स्थानमा पुल राखेर उनीहरुले राज्यको स्रोत दुरुपयोग गरेको आरोपपत्रमा उल्लेख छ । तत्कालीन सचिव मरहट्टाविरुद्ध पाँच करोड ४५ लाख बढी बिगो तोकिएको छ । *(सौस)*

## सबै...

दृष्टिले समेत प्रभावकारी हुने देखिन्छ । त्यसैले एउटै स्ट्यान्डर्डका वेबसाइटका ढाँचालाई सबै निकायले प्रयोग गर्नुपर्ने गरी तयारी अघि बढेको छ । प्रधानमन्त्री कार्यालय तथा सिंहदरबारका सबै कार्यालयबाट नयाँ टेम्प्लेट प्रयोगको कार्यलाई अघि बढाउँदै देशैभरिका सबै निकायमा प्रतिस्थापन गर्ने योजना रहेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारी तथ्याङ्कलाई थप सुरक्षित बनाउन देशभरका सबै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन एउटै सफ्टवेयरबाट गर्ने तयारी भइरहेको बताइन् काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले सिंहदरबारस्थित मन्त्रालयमा आज भएको भेटमा सरकारका प्रवक्ता शर्माले भनिन् "फरकफरक डाटा सेन्टर हुँदा सरकारी तथ्याङ्क असुरक्षित देखिएकाले सरकारले आफ्नै सफ्वेयरबाट एकीकृत गर्ने तयारी गरेको छ ।"

मन्त्री शर्माले सडकका पोलमा अव्यवस्थित रुपमा रहेका तारलाई व्यवस्थित गर्नका लागि मन्त्रालयले दूरसञ्चार ऐन नै परिमार्जन गरी एउटै तारबाट सेवा प्रवाह गर्न सक्ने व्यवस्था मिलाउने तयारी गरिरहेको जानकारी दिइन् । "एउटै तारबाट सेवा प्रवाह गर्नेगरी कानुनी प्रावधान ल्याइँदै छ", उनले भनिन्, "भूकम्प, बाढीपहिरोजस्ता सङ्कटकालीन अवस्थामा पनि तत्काल सेवा सञ्चालन गर्नेगरी उद्धार टोली बनाउन कानुनमै व्यवस्था गर्न लागिएको छ ।" भेटका क्रममा प्रमुख शाहले नेपालमा सञ्चालित सामाजिक सञ्जालहरू (फेसबुक, ट्वीटर, युट्युव र टिकटकलगायत) नेपालमा पनि दर्ता हुनुपर्ने व्यवस्था गर्न मन्त्री समक्ष अनुरोध गरेका थिए । मन्त्री शर्माले डिजिटल साक्षरता अभियान सञ्चालन गर्न स्थानीय तहसँग आग्रहसमेत गरिन् ।

## लिच्छविकालीन...

भएको महर्जनको भनाइ छ । पुराना शैलीमा घर बनाउनेलाई केही अनुदान दिने विषयमा छलफल भइरहेको उनले बताए। कालिका भैरव मन्दिर दाची इँटा र कलात्मक झ्यालसहित पुरानो शैलीमा निर्माण भएको छ । वडाध्यक्ष महर्जनका अनुसार एउटा निजी घर पनि पुरानो शैलीमा बनेको छ । "यहाँका सबै घरका अघिल्लो भाग पुरातात्विक शैलीको बनाउने विषयमा गृहकार्य गरिरहेका छौँ, रकम अभावका कारण रोकिएको छ", उनले भने ।

## पवित्र...

खड्का कृष्ण जेभी कम्पनीलाई पर्ने गरी प्रबन्ध गरियो । ०९/०७७/७८ लामा-एपेक्स-कमलजीत जेभी र १०/०७७/७८ नम्बरको ठेक्का रमन-गजुरमुखी-रामजानकी जेभी कम्पनीलाई पर्ने गरी सेटिङ मिलाएयो । ११/०७७/ ७८ नम्बरको ठेक्का अर्घाखाँची-बाबुल जेभी कम्पनीलाई पर्ने तयारी गरियो । यही अनुसार अहिले यी चारवटा कम्पनीले ठेक्का पाएको थियो ।

प्राविधिक प्रस्तावमा पास हुने वास्तविक कम्पनी १३ वटामात्र हुने र चारमध्ये कुनै पनि ठेक्का नपाउने ओएवा निर्माण कम्पनीलाई प्राविधिक प्रस्तावमा पास गराउनेगरी मिलाइएको थियो ।यसरी एक अर्ब बढीको चलखेल गरेर ठेक्का लगाइएपछि निर्माण व्यवसायी महासंघ, लुम्बिनी प्रदेशले यो ठेक्का आह्वान मिलेमतोमा गरिएको भन्दै असार २४ मा सर्वोच्च अदालतमा बदरका लागि आदेश माग गर्दै मुद्दा दायर गरेको थियो । महासंघ, लुम्बिनी प्रदेशका अध्यक्ष वलिभद्र रानाले कोषको कोषका केही कर्मचारी र व्यवसायी मिलेर सेटिङ गरिएको दाबी गर्दै आएका छन् । सर्वोच्च अदालतले अदालतले साउन ३ मा दुवै पक्षलाई थप छलफलका लागि बोलायो । तर स्रोतका अनुसार ठेकेदारहरुले अदालतमा पनि सेटिङ मिलाउन सफल भयो ।

**तार भूमिगतमा भ्रष्टाचार :**

लुम्बिनी विकास कोषले लुम्बिनी परिसरका विद्युतीय तारलाई भूमिगत गराउन ३० कात्तिक २०७४ मा अन्तर्राष्ट्रियस्तरको बोलपत्र आह्वान गऱ्यो । करबाहेक रु.२४ करोड १४ लाख ९८ हजारको लागत अनुमानमा बोलपत्र आह्वान गरिएको थियो । शैलुङ्ग/अर्घाखाँची/बाबुल जेभीको मात्र बोलपत्र परेपछि कोषले सोही कम्पनीलाई २९ माघ २०७४ मा रु.२४ करोड ३ लाख ४८ हजारमा ठेक्का दियो । तर, ठेक्का दिंदा सेटिङको आधारमा भट्टराईले दिएका थिए । पर्याप्त योग्यता पुगेको निर्माण कम्पनीले बोलपत्र पेश नगरे त्यसलाई रद्द गरी पुनः बोलपत्र आह्वान गर्न सकिने व्यवस्था हुँदाहुँदै कोषले अयोग्य कम्पनीलाई ठेक्का दियो । यसको सेटिङ उनै भट्टराईले मिलाएका थिए । यसरी सेटिङमा काम दिएर सम्पन्न त भयो । तर २४ करोड खर्चेर गरिएको विद्युतीकरणको काम सम्पन्न भएको दुई वर्ष नपुग्दै सबै काम नगर्ने भएको छ ।

**विद्युतीकरणमा भ्रष्टचार**

लुम्बिनी परिसरमा निर्माण गरिने सभाहल, विद्युतीकरण तथा टेलिकम्युनिकेशन नेटवर्कको विस्तृत नक्शा डिजाइन लागत अनुमान तथा निर्माणको सुपरभिजनमा पनि भ्रष्टाचार भएको थियो । महालेखा परीक्षकको ५६औं वार्षिक प्रतिवेदनलेरु.४ करोड ९६ लाख ३७ हजार रकम गैरकानूनी रूपमा निकासा भएको जनाउँदै असुल उपर गर्न भनेको थियो । तर यो असुल अझै भएको छैन । सभाहल, विद्युतीकरण तथा टेलिकम्युनिकेशन नेटवर्कको विस्तृत नक्शा डिजाइन लागतअनुमान तथा निर्माणको सुपरभिजनका लागि कोषले उनै भट्टई निकट श्रेष्ठश्री आरएस डिकोनसँग २४ चैत २०७३ मा सम्झौता गऱ्यो । ३० चैत २०७५ मा काम सक्ने गरी मूल्य अभिवृद्धि करबाहेक रु.४ करोड ६९ लाख १० हजारमा सम्झौता भएको थियो । सम्झौता लगत्तै रु.१ करोड ४० लाख ७३ हजार र पछि रु.१ करोड ८७ लाख ६४ हजार गरी रु.३ करोड २८ लाख भुक्तानी दिइयो । सार्वजनिक खरीद नियमावली २०६४ मा परामर्श सेवाको लागत अनुमानमा ओभरहेड समावेश गर्ने व्यवस्था छैन । तर, कोषले स्वीकृत लागत अनुमान रकम रु.४ करोड ३९ लाख १० हजारमा १० प्रतिशत ओभरहेड खर्च थप गर्दा मूल्य अभिवृद्धि करसमेत रु.४५ लाख ८९ हजार व्ययभार पऱ्यो ।

**पैसाको लागि गुरुयोजना कै वेवास्ता**

जापानका प्रख्यात वास्तुविद् प्रोफेसर केन्जो टांगेले सन् १९७२ देखि १९७८ सम्म ६ वर्ष लगाएर लुम्बिनी गुरुयोजना बनाएका थिए । तर कोषको काम यो गुरुयोजनाको कार्यान्वयन हो । तर आर्थिक लाभको लागि भट्टराईको योजनामा कोषले गुरुयोजना नै परिवर्तन गरीदिएका छन् । लुम्बिनी विकास कोषको गुरुयोजनामा लुम्बिनी क्षेत्रमा निर्माण भएका बिहारहरूलाई जोड्नेगरी पहुँच मार्ग (लिंक रोड) निर्माण गरीरहेको छ । तर गुरुयोजनामा परिकल्पना गरिएको छ ।

यो पहुँच मार्ग निर्माणको लागि कोषले 'लुम्बिनी एनके खड्का कृष्ण जोइन्ट भेन्चर'लाई ८१ करोड ४ लाख मा जिम्मा दिएको छ । 'लुम्बिनी एनके खड्का कृष्ण जोइन्ट भेन्चर'मा भट्टराईको पनि अप्रत्यक्ष लगानी रहेको पर्यटन मन्त्रालयका एक अधिकारी बताउँछन् । यसमा बढीमा १० करोडको मात्रै काम हुने अधिकारीहरुको दाबी छ ।

**फेरि २ अर्बमा पनि सेटिङ : फेरि छानविन समिति**

पछिल्लो समयमा कोषले फेरी दुई अर्बको ठेक्का आह्वान गरेको छ । सरसरफाई लगायतको कामको लागि २ अर्बको ठेक्का आह्वान गरेको हो । संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री सुदन किरातीले जिम्मेवारी सम्हाल्न एकसाता अघि योजना प्रमुख भट्टराईको सेटिङमा यो ठेक्का आह्वान गरिएको हो ।

मन्त्री किरातीले यो थाहा पाएपछि ठेक्का रोकेका छन् । तर योजना प्रमुख भट्टराईले विभिन्न शक्ति केन्द्र मार्फत आफूले भनेको भनेको कम्पनीलाई दिन पहल गरीरहेको स्रोतको दाबी छ । योजना प्रमुख भट्टराईको अनेकौ उजुरी आएपछि फेरि मन्त्री किरातीले छानविन समिति बनाएका छन् । समितिले यही साता प्रतिवेदन तयारी गरेको छ ।

**कनेक्सन विष्णु पौडेलदेखि, गंगा दाहाल र आर जुसम्म**

संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री सुदन किराती पछिल्लो समयमा भ्रष्टाचार विरुद्ध निर्मम भएर लागेका छन् । योजना प्रमुख भट्टराई विरुद्धको उजुरी मन्त्री किरातीसम्म पुगेको छ । तर आफू कारबाहीमा पर्ने देखिएपछि भट्टराई नेकपा (एमाले) उपाध्यक्ष तथा अर्थमन्त्री विष्णु पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहालको छोरी तथा स्वकीय सचिव गंगा दाहाल र कांग्रेस सभापति आरजु राणासम्ममा पुगेको मन्त्रालयका एक अधिकारीले बताए । अर्थमन्त्री पौडेल, गंगा दाहाल र देउवा पत्नीलाई आफूले मिलाइसकेको भन्दै आफ्ना निकटहरुलाई बताउने गरेको ती अधिकारीको भनाई छ ।

**भारतको गोवामा हुन्छ लेनदेन**

माथिका केही आयोजना र अनियमितता केही प्रतिनिधि उदाहरण मात्रै हो । कोषको हरेक आयोजनामा योजना प्रमुख भट्टराईले भ्रष्टाचार गरेको भन्दै पटक पटक उजुरी परेको छ । पर्यटन मन्त्रालयले छानविन टोली बनाएको छ तर कारबाही भएको छैन । स्रोतका अनुसार हरेक लेनदेन कार्यक्रम प्रमुख भट्टराईले छिमेकी देश भारतको गोवामा गर्ने गरेको मन्त्रालयका एक अधिकारीले बताए । ती अधिकारी भन्छन्, 'पछिल्लो २ अर्बको पनि भारतको गोवामा लेनदेन भएको छ ।'

**अवधि सकिन अगावै फेरि नियुक्ती**

२०७४ मा कोषको कार्यक्रम प्रमुख भएका भट्टराईको ५ जेठ २०७९ मा नियुक्तीको अवधि सकिदै थियो । तर तत्कालिन संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री प्रेम आलेलेअवधि सकिन अगावै हतार हतारमा २ फागुन २०७८ मा म्याद थप गरीदिएका थिए । मन्त्रालयका एक सहसचिवका अनुसार कार्यक्रम प्रमुख भट्टराईले मन्त्री आलेलाई २५ करोड बुझाएर ५ वर्षको अवधि थपेका थिए ।

**विश्व सम्पदा सूचिबाट हट्ने खतरामा लुम्बिनी**

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (यूनेस्को) ले लुम्बिनीलाई सन १९९७ मा विश्व सम्पदा सूचिमा सूचिकृत गरेको थियो ।आर्थिक फाइदाका लागि कार्यक्रम प्रमुख भट्टराईले गुरुयोजना विपरित संरचना बनाएपछि यूनेस्कोले सूचिबाट हटाउने तयारी गरेको हो । लुम्बिनीको पुरातत्व, कला र वास्तुकलाका बारेमा विद्याबारिधि गरेका डा. गीतु गिरीका अनुसार मायाँदेवी मन्दिरको संरचना, स्मारक र इट्टा लगाएर बनाइएको मेडिटेसनको विषयलाई लिएर यूनेस्कोले लुम्बिनीलाई विश्व सम्पदा सूचिबाट हटाउने चेतावनी हो ।


## Invitation for online Bids

**Shivasataksha Municipality**
**Office Of The Municipal Executive**
**Province No.1, Jhapa**
**Date of publication: 2079/11/15 (27-Feb-2023)**
**Date of bid opening: 2079/12/15(29-Mar-2023)**

1. Shivasatakshi Municipality invites electronic bids for Nepalese eligible bidders for the following construction Works under National Competitive Bidding procedures.

| Contract Identification no. | Name of Project | Estimated Amount (Without VAT and PS) | Bid document Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|---|
| 14/SM/NCB/ Cons/2079/080 | Construction of Milk Purifying Center and vegetable collection center of shivasatakshi 05 and 11 | 64,85.086.80 | 3000.00 | 151,84,500 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be download from the PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Mega Bank Nepal LTD , Birtamod branch
   Name of Office: Shivasatakshi Municipality
   Office Account no.: **3140010000128**
4. Pre-bid meeting shall not be conduct.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 on 2079/12/15(29-Mar-2023). Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2079/12/15(29-Mar-2023)at the office of Shivasatakshi Municipality , province No. 1, Jhapa . Bids must be valid for a period of 90 after bid opening and must be accompanied by a bid security amount as stated above deposited at Dharauti account No. **3140010000161 on behalf of** of Shivasatakshi Municipality at Mega Bank Nepal LTD , Birtamod branch or bid bond authorized from a recognized "A" class commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. A scanned copy of the bid security in .pdf format, amounting as mentioned above which shall be valid for **30** days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**CHIEF ADMINISTRATIVE OFFICER**



**Government of Nepal**
## Kamal Rural Municipaliity
**Office of Rural Municipal Executive**
**Topgachhi, jhapa**
**Date of publication: 2079-11-15 (27 Feb,2023)**

Kamal Rural Municipality invites electronic Bids under e-procurement system from eligible bidders for the procurement of following works:

| S N | Contract Identification No./ Work Description | Average Annual Construction Turnover, NRs | Specific Experience Requirem ents | Bid Capacity, NRs. | Bid Security Amount (NRs) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 12A/KRM/ROAD/2079/080 BlackTop Road including Structure Works on Campa-Chhatta chowk-Samayagadh to Sunara connecting Road, Ward no 2 | 77.2 Million | As stated in Section III EQC of Bid Document | 103 Million | 30,00,000 | 10,000 | Single Stage Double Envelope |

1. Details of Bid:

| Last Date and Time of Submission of e-bids | Date and Time of Bid Opening | Pre Bid Meeting Date | Bid Validity Period | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|
| 29 March,2023 (2079-12-15). 12:00 Hrs | 29 March, 2023 (2079-12-15),13:00 Hrs | 19 March, 2023(2079-12-05):11:00 Hrs | 120 Days Counting from the Day of Bid Opening | Minimum 30 Days Beyond the Bid Validity Period | Single Stage Double/ SingleEnvelope |

2. Information to Purchase the Bidding Document

| Name of the Bank | Name of the Office | Office Revenue Account No. |
|---|---|---|
| NMB BANK KERKHA BRANCH | Kamal Rural Municipality | 0640058196400016 |

3. Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)

| Name of Bank | Name of the Office | Deposit Account No. |
|---|---|---|
| NMB BANK KERKHA BRANCH | Kamal Rural Municipality | 0640058196400081 |

4. For further detail bidders are requested to visit the Notice Board of Kamal Rural Municipality or PPMO's website https://bolpatra.gov.np/egp
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
6. The Employer reserves the right to reject or accept or cancel any bid partially or in full,without assigning any reason,whatsever.